# सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिने प्रतिवेदन
# अर्ध वार्षिक प्रतिवेदन
# आ. व. २०७९/८०

राइनास नगरपालिकाको आ.व. २०७९/८० को प्रथम त्रैमासिकमा सम्पादन भएका मुख्य मुख्य कार्यक्रम/गतिबिधीहरु आम नागरिक एवं सरोकारवाला वीच सार्वजनिक गर्ने, नागरिकका गुनासा एवं सुझाव संकलन गर्ने, जनउत्तरदायि एवं खुला सरकारको अवधारणा कार्यान्वयन गर्ने मूल ध्येयकासाथ नगर कार्यपालिकाको मिति २०७९/०९/११ को वैठकको निर्णय अनुसार आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा हार्दिक स्वागत गर्दछु।

**आदरणिय महानुभावहरु,**

आ.ब.२०७९/८० को बार्षिक स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत हालसम्म नगरपालिकाबाट प्रबाह भएका कार्यक्रम र विकास निर्माणका कार्यहरुको भौतिक एवंम बित्तिय प्रगति निम्नानुसार प्रस्तुत गरेको छु।

**१. आर्थिक प्रशासनतर्फः**

- यस आर्थिक वर्षमा हालसम्म चालु तर्फ कुल जम्मा ३८ करोड २० लाख ४ हजार बजेट विनियोजन भएकोमा हालसम्म १४ करोड ८६ लाख ४६ हजार खर्च भएको छ । जुन खर्च ३८.९० प्रतिशत हुन्छ । त्यसै गरी पुँजीगततर्फ कुल जम्मा २२ करोड १९ लाख १० हजार बजेट विनियोजन भएकोमा हालसम्म २ करोड २२ लाख १८ हजार खर्च भएको छ। जुन खर्च प्रतिशतमा २०.५६ प्रतिशत हुन्छ । गत वर्ष सोही अवधिमा चालुतर्फ ३६.५६ प्रतिशत र पुँजीगततर्फ ७.७३ प्रतिशत खर्च भएको थियो ।
- क्षेत्रगत खर्च हेर्दा आर्थिक विकास तर्फ ६.२७ प्रतिशत, सामाजिक विकास तर्फ ४०.२८ प्रतिशत, पूर्वाधार विकास तर्फ ८.२० प्रतिशत, सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तर्फ १६.१३ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिक तर्फ ३६.४८ प्रतिशत खर्च भएको छ ।
- नगरपालिकामा यस अवधिमा जम्मा ४४ लाख २० हजार २४२ रुपैया आन्तरिक राजस्व संकलन भएको छ ।

**२. योजना तथा पूर्बाधारतर्फ**

- नगरको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको आवधिक नगर विकास योजना निर्माण गर्न परामर्शदातासँग सम्झौता भै निर्माणको प्रकियामा रहेको छ ।
- राइनास नगरपालिकाको कुल विकास योजना ५३१ रहेको छ। पूर्वाधार विकास तर्फका १४३ वटा योजनाहरु मध्ये हालसम्म ७८ वटा योजना सम्झौता भएका छन् । गत आ.ब.को १६ वटा योजना ठेक्का प्रक्रिया मार्फत कार्यान्वयनमा लगिएकोमा ३ वटा योजना सम्पन्न भई सकेको र अन्य सम्पन्नको अन्तिम चरणमा रहेको छ । उपभोक्ता समितिबाट सञ्चालनका लागि सम्झौता भएका योजना मध्ये १६ वटा योजनाको भुक्तानी भईसकेको छ ।
- विगत ५ वर्षमा कार्यान्वयनमा जान नसकेको रु. ३३ करोड लागत अनुमान रहेको राइनास बृहत खानेपानी योजना कार्यान्वयनको चरणमा लगिएको छ।
- हर्रबोट मोहरीयाकोट प्यारजुङ सडकको लागि विनियोजन भएको रु. २५ लाखको ठेक्का कार्य प्रारम्भ भै कार्यसम्पन्नको चरणमा रहेको छ।

- १५ सैयाको नगरपालिकास्तरीय अस्पताल अल्काटारको निर्माण कार्य निरन्तर संचालनमा रहेको र हाल ७० प्रतिशत काम सम्पन्न भै सकेको छ।
- वडा न. १० को प्यारजुङ आलडाँडा सडक कार्य सम्पन्न भएको र अन्तिम बिल भुक्तानीको प्रक्रियामा रहेको छ।
- राइनास नगरपालिका प्रशासकीय भवन निर्माण कार्य हालसम्म ७० प्रतिशत सम्पन्न भएको छ । चालु आ.व. भित्र प्रशासकीय भवन सम्पन्न गर्न निर्माण व्यवसायीलाई पटक पटक ताकेता गरिएको छ।
- राइनास नगरपालिकाको वडा न. १० मा निर्माण गरिएको स्वास्थ्य चौकी विधिवत रुपमा उद्घाटन गरी स्वास्थ्य सेवा दिने कार्य प्रारम्भ गरिएको छ ।
- तेस्रे माझीगाँउ महादेवस्थान सग्रवास साततले कुडुले सिमघारी बृहत रिङरोड खण्ड (वडा न. ८) को ८० प्रतिशत कार्य सम्पन्न भएको छ।
- वडा न. १० को बोराङ प्यारजुङ सडक सम्झौता भै कार्य प्रारम्भ गरिएको छ।
- हर्रबोट मोहोरियाकोट प्यारजुङ सडक खण्ड मर्मत अन्तर्गत (वडा न.८ र ९) मा सम्पन्न भएको, बिरभक्ति मा.बि.तार्कुघाटको चारकोठे भबन सम्पन्न भएको, राइनास नगरपालिका तिनपिप्लेमा निर्माण भएको कभर्डहल सम्पन्न भै उक्त योजनाहरुको अन्तिम बिल भुक्तानीको चरणमा रहेको छ।
- श्री शिशुबिद्याश्रम मा.बि. तिनपिप्लेको चारकोठे भबन, श्री शारदा मा. बि. गरमबेशीको चारकोठे भबन, श्री ज्ञानोदय मा.बि. साहिलीटारको चारकोठे भबनको ८० प्रतिशत कार्य सम्पन्न भएको छ भने श्री जनता मा. बि. कुडुलेको दुई कोठे भवनको ७० प्रतिशत कार्य सम्पन्न भएको छ।
- राइनास नगरपालिकाको वडा न. ३ मा निर्माणधिन तरकारी संकलन केन्द्रको ४५ प्रतिशत कार्य सम्पन्न भएको छ।
- वडा नं. २ को वडा कार्यालय भवन निर्माणको ९० प्रतिशत कार्य सम्पन्न भएको छ। यस आ.व.मा हाल सम्म ११ वटा ठेक्कालाई टेन्डर प्रकियामा खुला गरिएको छ। जसमध्ये,
- धमिलिकुवा स्वास्थ्य चौकी १५ शैयामा स्तरोन्नतीको सम्झौता भै काम अगाडी बढीसकेको छ।
- वडा न. ३ को वडा कार्यालय भबन, वडा न. ३ को स्वास्थ्य चौकी भबन, बगरगाँउ उपल्लोफाँट टुडाबगर सडक, बोराङखोला मसार भंगेरी काप्रेचौर कत्रेनी लामागाँउ रिङरोड खण्ड, राइनास नगरपालिकाको प्रशासकीय भवनको नेट वर्किंग, वडा न. ७ को वडा कार्यालय भवन योजनाहरु को ठेक्का प्रकिया पुरागरी कार्य प्रारम्भको लागि सम्झौता गरिसकेको छ।
- श्री शिशुबिद्याश्रम मा.बि. तिनपिप्लेको छात्राबास निर्माण, राइनास नगरपालिका वडा न. ६ को स्याउलीमा अबस्थित कोल्ड स्टोर निर्माणको ठेक्का खुलाइ सकेको र सम्झौताको प्रक्रियामा रहेको छ।
- श्री रुद्र मा.बि. हरार्वोट को चारकोठे भबन, श्री बुद्धमिलन मा.बि. प्यारजुङको दुई कोठे भबन निर्माणका लागि स्थलगत निरक्षण, अनुगमन र मुल्याङकन गरी ठेक्का प्रक्रियाको सुचना प्रकाशन गरिएको छ।
- राइनास नगरपालिकाको स्वागत गेट नगरपालिकाको वडा न. ८ मर्स्याङदी नदी, पाउँदी नजिक निर्माणधिन अबस्थामा रहेको छ।
- राइनास नगरपालिका वडा न. २ को नयाँ कार्यालय भबन जानेबाटो ठेक्का प्रक्रियामा रहेको छ।

- धमिलिकुवा स्वास्थ्यचौकी स्तरोन्नती कार्य अन्तर्गत क्यान्टीन निर्माण, भबन घेराबार र ग्राउण्ड सम्माउने कार्य सम्पन्न गरिएको छ ।
- यस आ.ब.मा हालसम्म कच्ची सडक बाटो (track opening) भएको छैन। ग्राबेल सडक निर्माण ५६० मिटर सम्पन्न भएको, कालो पत्रे सडक निर्माण भएको छैन । ढलान सडक निर्माण १०० मिटर सम्पन्न भएको छ। पक्की नाली -२०० मीटर ,रिटेनिंगवाल ३५ मिटर, ग्याबिन वाल कच्ची नाला ११०० मिटर र १००० मिटर मर्मत सम्हार कार्य सम्पन्न गरिएको छ।
- राइनास नगरपालिकामा हाल सम्म जम्मा ६४० घरहरु नक्सापास एवं अभिलेखिकरण भएका छन । यस आ.व. मा ५ वटा घर अभिलेखीकरण, नयाँ घर नक्सा पास ३ वटा सम्पन्न भएको छ । प्रक्रियागत रुपमा नक्सा पास गरी घर निर्माण गर्ने भन्दा घर अभिलेखीकरण गर्ने सङ्ख्या बढी रहेको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ३५ वटा योजना रहेकोमा १२ वटा योजना सम्झौता भएको र ४ वटा योजनाहरु सम्पन्न भएका छन्। सम्पन्न भएका योजनाबाट करीब २० जनालाई २० दिन बराबरको रोजगारीको अवसर प्राप्त भएको छ।
- राइनास नगरपालिकाबाट संचालित डोजरले यस आ.व. ३४६.१२ घण्टा कार्यसम्पादन गरेको छ। उक्त अवधिमा २७६९ लिटर इन्धन प्रयोग गरी करिब ७ लाख ६१ हजार आम्दानी गरेको छ।
- यस आ.ब.मा पूर्वाधारतर्फ कुल बजेट रु १२,८२,२५,००० रहेकोमा हाल सम्म रु १,०५,१६,५९१ खर्च भएको छ जुन ८.२ प्रतिशत खर्च रहेको छ।

**३. शिक्षा युवा तथा खेलकुद विकासतर्फ**

- यस नगरपालिका भित्र जम्मा ३६ वटा सामुदायिक विद्यालयमा विविध दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको संख्या ३३८ रहेको छ । नगरपालिका भित्र जम्मा ११ वटा मा.वि, १ वटा आधारभुत विद्यालय, २४ वटा प्रा.वि र ५ वटा संस्थागत विद्यालय छन । जसमा जम्मा ४७१८ विद्यार्थी सङ्ख्या रहेका छन । जसमध्ये सामुदायिक विद्यालयतर्फ ४०२९ र संस्थागत विद्यालय तर्फ ६८९ जना विद्यार्थी रहेका छन। यस शैक्षिक सत्रमा गत शैक्षिक सत्रमा भन्दा २९७ जना बिद्यार्थी कम भर्ना भएका छन।
- ११ वटा माध्यमिक विद्यालय मध्ये विद्यार्थी सङ्ख्या बढी भएको विद्यालय श्री सौभाग्योदय नमूना मा.वि. जसमा ५९७ विद्यार्थी रहेका र श्री जनता मा.वि. कुडुलेमा सबैभन्दा कम ७८ जना मात्र विद्यार्थी रहेका छन । २४ वटा प्रा. वि.हरुमध्ये श्री प्रगति प्रा.वि. तिनपिप्लेमा ६७ जना विद्यार्थी सङ्ख्या रहेको, श्री सन्त प्रा.वि. र श्री मनकामना प्रा.वि. मा अत्यन्त न्यून ई.सि.डि मा मात्र ५/५ जना रहेका छन ।
- श्री महेन्द्रबाल विकास मा.वि. बोराङ, शिशु विद्याश्रम मा.वि. तिनपिप्ले, शारदा मा.वि. गरमबेशी, र रुद्र मा.वि. हर्रावोटलाई माध्यमिक तह कक्षा ९–१० मा अंगेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराइएको छ ।
- नियमित मासिक प्र. अ. बैठक ६ वटा बसेको छ उक्त बैठकमा बिद्यालयका समस्या तथा कार्यक्रम एबं बिबिध पक्षमा छलफल गरि योजनाहरु कार्यन्वयन गर्ने गरिएको छ ।
- शैक्षिक प्रोफाइल निर्माणका लागि तथ्याङ्कहरु संकलन कार्य भइरहेको छ ।
- स्थानिय पाठ्यक्रम कक्षा १-५ को गत आ.ब.मा नै निर्माण गरी प्रयोगमा ल्याइएकोमा सबै बिद्यालयका स्थानिय पाठ्यक्रम शिक्षण गर्ने ४० जना शिक्षकहरुलाई दुइ कल्सटरमा बिभाजन

गरी २ दिने अभिमुखिकरण तालिम संचालन गरी उत्पन्न समस्या समाधान गर्ने तथा पृष्ठपोषण लिनेदिने प्रयास गरिएको छ।

- स्थानीय पाठ्यक्रम (कक्षा ६-८) निर्माण सम्वन्धी प्राविधिक समिति र सल्लाकार समिति निर्माण गरिएको र प्राविधिक समितिवाट सुचना, तथ्याङ्क र नमुनाहरु संकलन गरिएको छ। जसको १/१ बैठक बसी निर्णयहरु गरेको छ।
- बाल दिवसमा नगरस्तरीय माध्यमिक तहका विद्यार्थीहरुको सहभागितामा बिज्ञान बरदानकी अभिसाप भन्ने बिषयमा बादबिबाद र आधारभुत तहस्तरीय गाउँ खाने कथा प्रतियोगिता संचालन गरी मनाइएको छ ।
- नगरसभाबाट स्वीकृत वार्षिक बजेटबाट यस पालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा ८ वटा माध्यमिक तह तृतीय श्रेणी सरहको तलव खाने गरी दरबन्दी सृजना गरी शिक्षण कार्यलाई स्तरोन्नती गर्ने प्रयास गरिएको छ ।
- विद्यालयमा शैक्षिक तथा भौतिक अवलोकन, निरीक्षण र अनुगमनकार्यलाई समुहमा गई भौतिक, शैक्षिक र व्यवस्थापकीय सुधारका पक्षमा पृष्ठपोषण दिनेकार्य भएको छ।जस अन्तर्गत १५ बिद्यालयको सघन अनुगमन गरिसकेको छ।
- राइनास शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम श्री शौभाग्योदय माध्यमिक बिद्यालयमा भब्य रुपमा सम्पन्न गरीएको छ। जसमा १५ बिधामा कार्यक्रम संचालन गरी बिद्यार्थीहरु र शिक्षकहरु पुरस्कृत र सम्मानित भएका छन्।
- बिद्यालय तहको गणित बिषयको नतिजा ज्यादै कम्जोर भएकाले सुधारको लागि गणित बिषयको ल्याब निर्माण तथा प्रयोग सम्बन्धी तालिम संचालन गरिएको ।उक्त तालिमबाट ६० जना गणित शिक्षक लाभान्बित भएका छन।
- प्रबिधिमैत्री हरियाली बिद्यालय बनाउने अभियान अन्तर्गत राइनास नगरपालिकाका सबै सामुदायिक बिद्यालयहरुमा कम्प्युटर तथा नेटको व्यबस्थापन गरिएको छ जसबाट बालबालिकाहरुले बिद्यालयमा प्रबिधि उपयोग गर्न पाउने बाताबरण सुनिश्चत गरेको छ साथै बिद्यालय हरियाली कार्यक्रम अन्तर्गत २३५० वटा बिभिन्न किसिमका फलफुलका बिरुवाहरु बिद्यालयका हातभित्र रोपण कार्यक्रम संचालन गरीएको छ।
- बिद्यालयको लेखा पद्धतिलाइ व्यवस्थित गरी बिद्यालयको आर्थिक कारोबार सहज बनाउनको लागि लेखा परिक्षक नियुक्ती गरिएको छ।
- बिद्यालयमा अतिरिक्त क्रियाकलाप मार्फत बिद्यार्थीहरुको शारिरीक तथा मानसिक बिकासका लागि खेलकुद अपरिहार्य रहेकाले खेलकुदलाई व्यवस्थित बनाउनका लागि हाललाई २ जना कराते प्रशिक्षक ३ महिनाको लागि करारमा नियुक्ति गरि मा.बि.तहका बिद्यालयमा कम्तिमा हप्तामा २ दिन प्रशिक्षण गराउने व्यबस्था गरिएको छ।
- प्राबिधिकधार संचालित बिद्यालयहरुमा रहेका प्राबिधिक ल्याबहरुलाई व्यबस्थित गर्दै श्री शिशु बिद्याश्रम मा.बि.मा सिभिल इन्जीनियरीङ को ल्याब, श्री शैलपुत्री मा.बि.मा पशु बिज्ञान सम्बन्धी ल्याब र श्री शौभाग्योदय मा.बि.मा बाली बिज्ञान सम्बन्धीको ल्याबलाई नगरपालिकास्तरीय ल्याब बनाउनको लागि कार्यापालिकाबाट पास गरी कार्यन्वयनमा लगिएको छ। जस अन्तर्गत श्री शिशुबिद्याश्रम मा.बि.ले निर्माण सम्बन्धी योजनाहरुको ३० वटा गुणस्तर परिक्षण क्युव टेस्ट गरिसकेको छ।

- नमूना विद्यालय कार्यक्रम अन्तर्गत शौभाग्योदय मा.वि. को पहिलो किस्ता रकम निकासा भएको छ ।
- शिक्षा शाखाबाट सम्पादित हुने सम्पुर्ण कार्यक्रमहरु बार्षिक क्यालेण्डर अनुसारको योजना अनुरुप भै राखेको छ।
- यस आ.ब.मा शिक्षातर्फ बजेट कुल रु २०,९०,८०,००० बिनियोजन भएकोमा हाल सम्म रु ९,५२,६२,८८२ खर्च भएको छ जुन ४५.५६ प्रतिशत हुन आउछ।

४. **स्वास्थ्य सेवातर्फ**

- प्यारजुङ स्वास्थ्य चौकीमा बर्थिग सेन्टर संचालन गरिएकाले प्यारजुङबासीले स्वास्थ्य सस्थामा सुत्केरी हुनको लागि टाढा जानु नपर्ने भएको छ।
- Oxytocin भण्डारणका लागि ILR फ्रिज खरिद गरी कोल्डचेन व्यवस्थपन गर्न कोल्डचेन सेन्टर धमिलिकुवा स्वास्थ्य चौकीमा राखिएको छ।
- आकस्मिक अबस्थामा आबश्यक रहेको अत्याबश्यक औषधी खरिदले औषधीको स्टक आउट हुने अबस्थामा कमी भएको छ।
- धमिलिकुवा स्वास्थ्य चौकीमा बृहत पोषण प्याकेज तालिम कार्यक्रम संचालन गरिएको छ । जसबाट ४३ जना लाभान्वित भएका छन ।
- स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड अनुगमन मुल्याङकन (HPMSS) कार्यक्रम संचालन भएको जसले गर्दा स्वास्थ्य संस्थाहरुको अबस्था बारेमा जानकारी प्राप्त भएको छ।उक्त मुल्याङकनमा तार्कुघाट स्वास्थ्य चौकी निलो, प्यारजुङ र मोहोरियाकोट स्वास्थ्य चौकी पहेलो इन्डीकेटरमा परेका थिए।
- HIV/AIDS संक्रमितहरुलाइ पोषण तथा यातायात खर्च प्रदान गरिएको जसले संक्रमित प्रति हुने गरेको लान्छना र भेदभावलाई कम गर्न सफल भएको छ। जसमा २६ जना संक्रमितले सेवा पाएका थिए।
- बर्थिग सेन्टरमा सुत्केरी हुने महिलाहरुलाइ सुत्केरी प्रोत्साहन र यातायात खर्च प्रदान गरिएको छ । हाल सम्म सस्थागत सुत्केरी १९ जनाको भएको छ ।यस कार्यक्रमले सुत्केरीहरुमा प्रोत्साहन बढ्नुका साथै आर्थिक अभावले आमा तथा नबजात शिशुको स्वास्थ्य अबस्था बिग्रने अबस्थामा सुधार ल्याउने छ।
- आकस्मिक रुपमा निशुल्क गर्भपतन सेवा कार्यक्रम संचालन भएको जसले अनिश्चत गर्भाधानको समस्या समाधान हुने बाताबरण भएको ।
- कोभिड -१९ खोप डिजिटाइजेसन तथा क्यु आर कोड प्रमाणीकरण र परिमार्जित HMIS tools सम्बन्धि अभिमुखीकरणले स्वास्थ्यकर्मीहरुलाई नयाँ अपडेट भएको जसले पालिका स्तरीय पोषण कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा भएको छ जसले पालिकास्तरीय पोषण कार्यक्रमको अबस्था बारेमा जानकारी भएको छ ।
- बिश्व स्तनपान सप्ताह कार्यक्रम संचालन भएको जसले स्तनपानको महत्वबारे शिक्षा प्रदान गर्न सकिएको छ ।
- क्षयरोग कार्यक्रमको अर्धबार्षिक समिक्षा तथा कोहर्ट बिश्लेषण गर्नाले क्षयरोगको अबस्था बारेमा जानकारी प्राप्त हुनुका साथै समाधानका योजना बनाउन सजिलो भएको छ।
- जेष्ठ नागरीक घरदैलो कार्यक्रम १० वटै वडाहरुको २५ स्थानमा संचालन गरिएको जसले घरबाट हिंडडुल गर्न नसक्ने हरुका लागि ज्यादै उपयोगी भएको छ ।

- राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालन भएको जसले रोगसगँ लड्न सक्ने क्षमताको बिकास भएको छ।
- कोभिड खोप अभियान तथा बुस्टर खोप संचालन व्यवस्थापन गरिएको जसले खोपको प्रगती बढ्नुका साथै सुरक्षित पनि बनाएको छ। कोभिड खोपको क्यु.आर. कोड प्रमाणिकरण गर्ने क्रममा ८२२ जना सेवाग्राहीले प्रमाणीकरण प्रमाण-पत्र लिएका छन्।
- मिति २०७९ पौष २५ गते देखि २८ गते सम्म प्यारजुङ , मोहोरिया, टिमुरे र धमिलिकुवा स्वास्थ्य चौकीहरुमा संचालन गरिएको महिलाहरुको पाठेघर सम्बन्धि समस्या पहिचान VIA camp तथा लामो अबधिको परिवार नियोजन साधन प्रयोग गर्ने कार्यक्रममा वडा न. ९ मा ७५ जना वडा न. १० मा १३४ जना, वडा न. ३ मा २३५ जना र वडा न. ६ मा १४८ जनाले सेवा लिएका थिए।जम्मा ५७२ जनाले गरेको परिक्षणमा VIA test-३३१ जना, इनप्लान्ट सेवा-२० जना, आङखस्ने समस्याको लागि रिङ प्रयोग-११ जना र क्यान्सरोग सम्भाबित- ६ जना रहेका छन्।
- यस आ.ब.मा कुल बजेट रु ५,३१,५२,००० बिनियोजन गरीएकोमा रु १,३३,९१,०९७ खर्च भएको जसमा २५.१९ प्रतिशत खर्च भएको छ।

**६. पशुपन्क्षी सेवातर्फ**

- समुहगत सहकारी तालिमः—गाई/भैसी पालन तालिम संचालन भएको छ। कृषकहरुलाइ उन्नत पशुपालनमा व्यवसायिक बन्न उत्प्रेरित गराएको छ।उक्त तालिमबाट ९० जना गाई/भैसी पालक कृषकहरु लाभान्वित भएका छन।
- नगरपालिकास्तरीय गाई/भैसी पालन सम्बन्धि १ दिने गोष्ठी आयोजना गरि उहाँहरुको सुझाब तथा गुनासाहरु बुझ्ने काम भएको छ। उक्त कार्यक्रममा ६८ जना कृषकहरुको सहभागीता रहेको थियो।
- गाई/भैसी पालक ३ जना कृषकहरुलाई ७ दिने तालिमको लागि गण्डकी प्रदेश तालिम केन्द्रमा पठाई पशुपालन सम्बन्धी आधारभुत ज्ञान हासिल गर्ने अबसर उपलब्ध गराइएको छ।
- राइनास नगरपालिकाको वडा न. ९ र १० को बाख्रा पालन पकेट क्षेत्रमा १५०० बाख्राहरु रहेका छन। उक्त बाख्रा पकेट क्षेत्रका ९७ जना बाख्रापालक कृषकहरुलाई नगर प्रमुख सहित चितबन जगतपुरमा रहेको बाख्रा पालन फर्म तथा कृषि क्षेत्रको १ दिने अबलोकन भ्रमण गराइको जुनबाट बाख्रापालन सम्बन्धी धेरै ज्ञान तथा अनुभबहरु प्राप्त भएका छन।
- दशै तिहार लक्षित हाटबजार (खसी बोका) कार्यक्रम संचालनमा ३३९ वटा खसी /बोका बिक्रिबितरण भएको थियो। जसमा ६५८० के.जी.मासु बराबरको रु २,५४,५२१ नगद अनुदान कृषकहरुलाई बितरण गरिएको थियो ।यस कार्यक्रमबाट २७३ जना घरपरिबार लाभान्बित भएका थिए।
- कृषि तथा पशु जन्य उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रमले कृषकको आम्दानीमा बृद्धि भएको छ। श्राबण महिना देखि कार्तिक महिना सम्ममा ८५,२१५ लिटर दुध संकलन भएको छ जसमा २,५५,६४५ रुपैया नगद अनुदान कृषकहरुले प्राप्त गरिसकेका छन ।यस कार्यक्रमबाट १०३ जना कृषकहरु लाभान्बित भएका छन।
- पशु औषधि खरिद गरी १० वटै वडाहरुमा बितरण गरिएको छ जुन औषधि वडामा खटिएका पशु प्राबिधिकहरुबाट बाँडीने व्यबस्था गरिएको छ जसले पशु स्वास्थ्यमा सुधार, उत्पादनमा बृद्धि हुने बिश्वास लिइएको छ ।

- घाँसको बिउ, बिरुबा खरिद बितरण गरिएको छ । सुख्खा समयमा हरियो घाँसको आपुर्ति भएको छ। हिउदे जै घाँसको बिउ १८५० के.जी. खरिद गरि ५० प्रतिशत अनुदानमा ६५० जना कृषकहरुलाई बितरण गरिएको छ।
- बिश्व रेबिज दिबस कार्यक्रम संचालन गरीएको छ उक्त कार्यक्रमले प्राणघातक रोगबाट बचाउन सहयोग गर्नेछ।
- आ.ब.२०७९/८० को बार्षिक कार्यक्रमहरुको अनुगमन गरिएको । कृषकहरुसँग प्रत्यक्ष भेटघाट गरी गुनासाहरु सुनुवाई एवं सुझावहरु प्राप्त भएको छ।
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन भै राखेको छ उक्त कार्यक्रमले उन्नत नश्ल बृद्धि भई दुग्ध उत्पादनमा टेवा पुग्नेछ।
- ईपिडिमियोमिलोजिकल रिपोटिङ गरिएको छ । समय सापेक्ष फैलिएका रोगहरुको बारेमा जानकारी गराइएको छ ।
- पशु विकास शाखा अन्तर्गत ५० प्रतिशत अनुदानमा संचालनका लागि निबेदन संकलन कार्य भैराखेको छ।नश्ल सुधार कार्यक्रम (बोका, भेडा, बंगुर) - ७ गोटा, मासुपसल सुधार कार्यक्रम (उपकरण बितरण)-६ गोटा, लोकल कुखुरा संरक्षण कार्यक्रम (उपकरण,खोर सुधार)-६ गोटा, स्थानीय उन्नत गाई/भैसी संरक्षण कार्यक्रम, गोठ सुधार (उपकरण सहित)-१२ गोटा कार्यक्रमहरु रहेका छन्।
- यस अवधिमा माइनर सर्जिकल सेवा अन्तर्गत (बन्ध्याकरण)- ३१ वटा बंगुर, ३८५ वटा बोका ५६ वटा बहर गरि जम्मा ४७२ वटा पशुहरुको बन्ध्याकरण गरिएको छ । ११३५ पशुहरुको गोवर परिक्षण, ४८ कुकुर, ६ विरालो र १ वादर गरी जम्मा ५५ लाइ रेविज खोप लगाइएको छ । ८३ वटा पशुपंक्षीको गाइनोक्लोजिकल उपचार भएको छ । ९४ वटा गाई र ५३ वटा भैसी गरी जम्मा १४७ पशुहरुको कृतिम गर्भाधान गरिएको छ। हाल सम्म जम्मा ५३४३ पशुपंक्षीलाई मेडिकल उपचार सेवा प्रवाह गरिएको छ।
- नगर कार्यपालिकाको निर्णय अनुसार दुध उत्पादन कृषकहरुलाई प्रोत्साहन गर्न ढुवानीको व्यवस्था गरिएको छ। दीर्घकालिनरुपमा ढुवानीको व्यवस्थापन गर्न भन्सार छुटमा चार पाङ्ग्रे गाडी खरीद गर्ने प्रक्रिया अगाडी बढेको छ।
- यस आ.ब.मा कुल बजेट रकम रु ८२७०००० बिनियोजन भएकोमा रु. ११,४२,७८३ खर्च भएको छ जुन १३.८१ प्रतिशत रहेको छ।

**७. कृषि बिकास शाखातर्फ**

- कृषि तथा पशु कार्यक्रमको अनुगमन तथा मुल्याङकन अन्तर्गत किबी खेती, धान बाली, कोदो बाली पकेट क्षेत्रको अनुगमन तथा निरीक्षण गरिएको जसबाट स्थलगत रुपमा कृषकहरुसँग अन्तर्क्रिया गर्ने र सुझाब लिने कार्य भएको छ।
- किबी खेती प्रबर्द्धनका लागि राइनास नगरपालिका वडा न. ९ को कुडुलेमा १ दिबसीय अभिमुखीकरण तालिम संचालन गरिएको छ। उक्त कार्यक्रममा २५ जना कृषकहरु सहभागी भएका थिए। करीब ११०० भन्दा बढी किबी विरुवा रोपणका लागि आवश्यक सबै तयारी सम्पन्न भइसकेको छ।
- उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रम अनुरुप स्थलगत अनुमानित प्रतिबेदन अनुसार १८६० मुरी कोदोलाई कृषकको घरआगँन बाटै नगद अनुदान कार्यक्रम अन्तर्गत वडा नं. ९ र

१० मा हालसम्म ५१ हजार १ सय ९९ के. जि. उत्पादन भएकोमा २९ हजार ४ सय ५५ के. जि. कोदोको लागि ३ लाख २८ हजार ६ सय ५८ रुपैया नगद अनुदान बितरण गरीसकेको छ।

- कृषकहरुलाई सहजरुपमा गुणस्तरीय सेवा प्रदान गर्नको लागि कृषि स्नात्तक प्राबिधिक करार नियुक्ति गरिएको छ।
- नयाँ मौरी पकेट बिकास कार्यक्रम र तरकारी बाली पकेट क्षेत्र बिकास कार्यक्रमको सुचना प्रकाशन गरी निबेदन माग संकलन गरिएको।
- तरकारी बाली पकेट क्षेत्र बिकास कार्यक्रम निरन्तरताको लागि २ पटक सम्म सुचना प्रकाशन गर्दा पनि आबेदन परेको छैन।
- च्याउ खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत १८६० पोका बीउ खरिद गरी सबै वडाहरुमा बितरण गरिएको।
- फलफुल तथा घाँस नर्सरी बिकास कार्यक्रम कुडुले किवी फलफुल तथा अलैची उत्पादक कृषक समूहसँग सम्झौता गरी कार्य अगाडि बढाइएको छ।जसमा प्रारम्भिक अभिमुखिकरण तालिम सचालन गरिसकेको छ र उक्त स्थानमा १००० भन्दा बढी बिरुवाहरु लगाउने गरी तयारी सम्पन्न गरीएको छ।
- समुहगत तालिम तथा सहकारी तालिम कार्यक्रम संचालन गरियोएको छ। जसमा ६५ जना कृषकहरु लाभान्वित भएका छन्।
- किसान सूचीकरण र कृषि तथ्याङक अध्याबधिक कार्यक्रम अन्तर्गत सबै वडाहरुमा ३/३ जना गणकहरु खटाई तथ्याङकहरु संकलन गरी एकिकृत गर्ने कार्य गरिराखिएको छ।
- कुल बजेट रकम रु २,२९,१०,००० बिनियोजन भएकोमा रु १३,०८,३९२ खर्च भएको छ जुन ५.७१ प्रतिशत रहेको छ।

**८. महिला बालबालिका तथा ज्येष्ठ नागरिकतर्फ**

- जेष्ठ नागरिक दिबस र जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिएको छ। १२० जना जेष्ठ नागरिकहरुलाइ सम्मान गरिएको छ ।
- जेष्ठ नागरिक दिवा सेवा सञ्चालन गरी ५० जना जेष्ठ नागरिकहरुलाइ अबलोकन भ्रमण पनि गराइएको छ।
- राष्ट्रिय बाल दिबस बक्तृत्वकला गरी मनाइएको छ।
- वडा स्तरीय तिज गित कार्यक्रम सबै वडाहरुमा महिला दिदीबहिनीहरुको उत्साहपूर्ण सहभागीतामा संचालन गरीएको छ।
- लैङिगक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तर्गत सेतो रिबन लगाइ सुरुगरि नगर स्तरीय श्रीमान श्रीमती जोडी हाजिरी जबाफ प्रतियोगिता कार्यक्रम गरी सम्पन्न गरीयो जहाँ १३ जोडि सहभागी भएका थिए।
- ३१ औ अन्तराष्ट्रिय अपांगता दिबस बिस्कुट रेस खेल प्रतियोगिता र दुई जना अपागता भएका व्यक्तिहरुको सम्मान कार्यक्रम गरी मनाइयो ।
- यस आ.ब. २०७९/८० मा हालसम्म अपांग परिचयपत्र बितरण अन्तर्गत क वर्ग १ जना, ख वर्ग ७ जना, घ वर्ग १ जना गरी जम्मा ९ जनालाई अपांग परिचयपत्र बितरण गरिएको छ।
- जेष्ठ नागरिक परिचयपत्र अन्तर्गत महिला ५ जना, पुरुष ४ जना गरी जम्मा ९ जनालाई जेष्ठ नागरिक परिचयपत्र बितरण गरिएको ।

- न्यायिक समिति तर्फ पुराना निबेदन ७ वटा, नयाँ निबेदन १२ वटा, सहमती भएका निवेदन १० वटा, जिल्लामा पठाएको १ वटा, तामेलिमा रहेको १ वटा र वाँकी विवाद ५ वटा गरी हालसम्म जम्मा ३६ वटा उजुरीहरुका बारेमा बहस गरिएको छ।
- १० वटै वडाका मेलमिलापकर्ताहरुको बैठक संचालन गरिएको छ।
- महिलाहरुको पाठेघर सम्बनधी VIA परिक्षण सम्बन्धी निशुल्क शिबिर संचालन गरिएको छ।
- हालसम्म अपाङ्गता समन्वय समितिको बैठक २ पटक र न्यायिक समिति बैठक १४ पटक बसि बिभिन्न निर्णयहरु गरेको छ।
- उद्यमशिलता विकास अन्तरगत राइनास नगरपालिका वडा नं. २ मा दुना टपरी सम्बन्धी व्यवसायीक सचेतना कार्यक्रम सन्चालन गरिएको छ। जहाँ २८ जना महिला दिदिबहिनीहरुको सहभागिता रहेको थियो।

## ९. आयुर्वेदतर्फ

- औषधि खरिद कार्यक्रम अन्तर्गत खरिद गरिएका बिभिन्न किसिमका औषधिहरुलाई बहिरंग सेवाको रुपमा १०२० सेवाग्राहीलाई औषधि बितरण गरियो। जसले ज्येष्ठ नागरिकको स्वास्थ्य रक्षा र रोगीको रोग निर्मुल गर्न सहयोग पुगेको छ।
- पंचकर्म सेवा तर्फ ३०० जनाले सेवा पाएका छन ।
- स्तानपायी आमाहरुलाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी एवं अन्य औषधि बितरण अन्तर्गत २१ जनाले उक्त सुबिधा प्राप्त गरेका छन भने जेष्ठ नागरिकलाई स्वास्थ्य प्रबर्धन कार्यक्रमबाट ३३ जना जेष्ठ नागरिकले सुबिधा लिएका छन।
- नागरिक आरोग्य सेवा कार्यक्रममा वडा नम्बर १-५ सम्म नागरिक आरोग्य समूह गठन भै सकेको छ र नगरपालिका स्तरीय नागरिक आरोग्य समिति पनि गठन गरिएको छ।
- बिद्यालय आयुर्बेद तथा योग शिक्षा कार्यक्रम अन्तर्गत राइनास नगरपालिका वडा न. ७ को श्री शारदा मा.बि.का बिद्यार्थीहरु बिचमा गरिएको थियो उक्त कार्यक्रम सबै बिद्यालयमा पुऱ्याउने लक्ष्य लिइएको छ।

## १०. सूचना तथा संचार प्रविधितर्फ

- सम्पूर्ण वडा कार्यालय तथा नगरपालिका अन्तर्गतका शाखाहरुमा इन्टरनेट सुविधाको विस्तार भएको छ ।
- नगरपालिकामा संचालनमा रहेका वेवसाइट, सुत्र, पञ्जीकरण कार्य अनलाइन प्रणालीबाट संचालन भएका छन।
- नगरकार्यपालिकाको वैठकबाट भएका सबै निर्णयहरु नगर प्रवक्ता श्री गोविन्द चिलुवालमार्फत सार्वजनिक गर्ने गरिएको छ।
- नगरपालिकाका सम्पूर्ण गतिविधिहरुलाई सरोकारवाला समक्ष छिटो छरीतो पुऱ्याउन एस. एम. एस. प्रणालीको व्यवस्था गरिएको छ।

## ११. प्रशासन तथा वडा कार्यालयतर्फ

- आ.व. २०७९/८० को अर्धबार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।जिन्सी निरीक्षण कार्य सम्पन्न भएको छ ।
- राइनास नगरपालिकामा बिभिन्न तहका जम्मा कर्मचारी दरबन्दी १३३ रहेको छ जसमा हाल ९८ दरबन्दीमा कर्मचारी कार्यरत रहेको पाइन्छ। ४४ दरबन्दी मध्ये २० दरबन्दी लोकसेवामा पदपुर्तिको लागि माग गरिसकिएको छ र बाँकी दरबन्दी प्रकियामा रहेको छ।

- यस आ.ब.मा बिभिन्न सेवामा करार कर्मचारी नियुक्तिका लागि १० वटा बिज्ञापन गरीएकोमा ६ वटा बिज्ञापनबाट  ८ जना कर्मचारी नियुक्ति गरिसकिएको छ भने ४ वटा बिज्ञापनको पदपुर्ति प्रक्रियामा रहेको छ।
- यस अवधिमा समग्र वडा कार्यालयबाट प्रवाह भएका सेवाहरु र संकलन भएको राजस्व हेर्दा ६ नं. वडाबाट तुलनात्मक रुपमा धेरै सेवा प्रवाह र कम सेवा प्रवाह वडा न.१ मा भएको देखिन्छ ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत नगरपालिकामा  यस आ.ब.मा हालसम्म जन्म दर्ता-३०४ जना, मृत्यु दर्ता-९० जना, सम्बन्ध बिच्छेद -२० जना, बिबाह दर्ता -११० जना, बसाइ सरी आएको ११ घरपरिवारमा - ४३ जना र बसाइ सरी जाने ३४ घरपरिवारमा -११५ जना रहेका छन्।

## १२. सामाजिक सुरक्षा तथा विपन्न नागरिक सहायतातर्फ

- यस अवधिमा नगरपालिकाका १० वटै वडा कार्यालयमा अनलाइन घटना दर्ता प्रणाली संचालन गरिएको छ । वडाहरुमा रहेको घटना दर्ताहरुको रजिष्टरहरु डिजिटाइजेशनको कार्य सम्पन्न भएको छ । १० वटै वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गरिएको छ । सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहीको संख्या ३०८७ रहेको र दोश्रो त्रैमासिक सम्ममा २ करोड ९२ लाख ४९ हजार ३ सय ४ रुपैयाँ वितरण गरिएको छ।

| क्र.सं. | लक्षित समूह | संख्या | भत्ता दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक भत्ता | १७९१ | ४००० | २१२८२६३९ | |
| २. | ज्येष्ठ नागरिक भत्ता दलित | २४० | २६६० | १८६९००५ | |
| ३. | ज्येष्ठ नागरिक एकल महिला भत्ता | २१९ | २६६० | १७४२३०० | |
| ४. | विधवा भत्ता | २८१ | २६६० | २२१५५१४ | |
| ५. | पूर्ण अपाङ्गता क वर्ग | ४९ | ३९९० | ५८६५३० | |
| ६. | पूर्ण अपाङ्गता ख वर्ग | १६१ | २१२८ | १०२५६९६ | |
| ७. | बालपोषण भत्ता | ३४६ | ५३२ | ५२७६२० | |
| जम्मा | | ३०८७ | | २९२४९३०४ | |

- बर्षायामको बाढी पहिरो लगायत बिभिन्न किसिमका बिपतमा परी घरमा नै बस्न योग्य नभएको भनी परेका निबेदन उपर स्थलगतरुपमा नै प्राबिधिकले ३८ घरपरिबारको निरीक्षण अनुगमन गरी बास्तबिक पिडित २४ घरपरिबारलाइ राष्ट्रिय बिपद जोखिम न्युनीकरण तथा व्यबस्थापन प्राधिकरणमा समस्या समाधानको लागि पेश गरिएको छ।
- दीर्घ रोगबाट प्रभावित नागरिकको जीवन रक्षार्थ यस आ.ब.मा बिपन्न नागरिक उपचार अन्तर्गत मुटुरोगी- ८ जना, मृगौलारोगी -३ जना, क्यान्सररोगी -८ जना र स्पाइनल इन्जुरी रोगी -१ जना गरी हालसम्म २० रोगीहरुलाई सम्बन्धित अस्पतालमा सिफारीस गरिएको छ।
- ४ प्रकारका दीर्घ रोगहरु क्यान्सर, मृगौला प्रत्यारोपण, मृगौला डायलासिस, इस्पाइनल इन्जुरीका विरामीहरुका लागि सामाजिक सुरक्षाका लागि मासिक ५ हजारका दरले २९ जनालाई ८ लाख ७० हजार रुपैया निकासा भएको छ।
- विपतमा परेका, दीर्घ रोगका कारण औषधि उपचार गर्न नसक्ने विपन्न नगरवासीहरुका लागि तत्काल राहत स्वरुप ३९ जनालाई रु. ५ लाख ६५ हजार ५ सय ५१ रुपैयाँ आर्थिक सहायता वितरण गरिएको छ।

- विपतमा परेका नगरवासीका घर टहरा र जमिनको संरक्षण गर्न ३६८ थान ग्याविन जाली वितरण गरिएको छ ।

१३. **वडा कार्यालयतर्फ**

- नगरपालिका अन्तरगतका १० वटा वडाका योजना र राजश्वको वडागत विवरण यस प्रकार रहेको छ।

चालु आ.व. २०७९/८० को पुष २७ गते सम्मको
वडागत योजना तथा राजश्व संकलनको अवस्था

| वडा नं. | कुल योजना | योजना सम्झौता | योजना सम्पन्न | राजश्व संकलन |
|---|---|---|---|---|
| १ | १८ | ९ | ३ | ९६७७४ |
| २ | १२ | ८ | १ | १३८२३० |
| ३ | २२ | १५ | ३ | ३४६६१५ |
| ४ | १६ | ४ | १ | ६७९५७७ |
| ५ | ११ | ७ | २ | ३२९३२८ |
| ६ | २१ | ११ | १ | ९२६२८२ |
| ७ | १५ | ९ | २ | २०९६९८ |
| ८ | १६ | ६ | २ | ७१११४३ |
| ९ | १६ | २ | ० | १५१७१२ |
| १० | १३ | ७ | १ | १८०२५९ |
| जम्मा | १६० | ७८ | १६ | ३७६९६१८ |

१४. **शासकीय सुधार र सुशासन प्रबर्द्धनतर्फ**

- राइनासको अधिकांश भु-भाग सिंचित गर्ने राइनासटार सिचाइ आयोजना र निर्माणाधिन चम्पाबती हाइड्रोपाबर चेपे A बिचमा उत्पन्न बिबादलाई शान्तिपूर्ण सम्बाद र छलफलको माध्यमबाट समाधान गर्नको लागि नगरपालिकाको तर्फबाट बिभिन्न मितिमा पत्राचार, छलफल तथा सार्बजनिक सुनाइ र उर्जा, जल तथा सिंचाइ मन्त्रालयको बिज्ञ समुहद्धारा २ पटक सम्म स्थलगत अध्ययन अनुगमन तथा निरीक्षण गराई उक्त समस्यालाई राष्ट्रिय सरोकारको बिषय बनाउन सकिएको छ।
- नगरपालिकालाई सुन्दर व्यवस्थित शहर बनाउनका साथै यहाँका उर्भर कृषि जमिनको संरक्षण गरी आत्मनिर्भर पालिका बनाउने दिर्घकालिन योजनाका लागि प्रारम्भिक चरणको कृषि तथा गैर कृषि क्षेत्र तोक्ने कार्य गरिएको छ।
- यस पालिकाको १० वटै वडाका मुख्य सडकहरुलाई बाह्रै महिना गाडी संचालन हुनसक्ने बनाउनको लागि मर्मत सम्भार कार्य गरी सबारी संचालन योग्य बनाइएको छ।
- नगरपालिकामा उत्पन्न भएका बिभिन्न प्रकारका फोहोर बस्तुहरुलाई व्यवस्थित रुपमा व्यवस्थापनका लागि राइनास नगरपालिका वडा न. ४ र ५ को चेपे नदी नजिक सोतीखोला

दोभानमा ल्याण्डफिल्ड पार्क निर्माण गर्नको लागि २ चरणमा स्थलगत निरीक्षण अनुगमन गरी सरोकारवालाहरुसँग छलफलको गरिएको छ।

- राइनास नगरपालिका र पालुङटार नगरपालिकाले शासन, सेवा र विकासका साझा सवाल र चासोका सन्दर्भमा दुई पालिकाका प्रमुखहरुको वीचमा २०७९/०९/१२ गते चेपे नदिको संरक्षण, विद्युतिय करेन्ट तथा विष प्रयोग गरि माछा लगायत जलचर प्राणीहरु मास्ने गतिविधिहरुको नियन्त्रण गर्ने, बहुउद्देश्यीय वृहत जलासय निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने, लिगलिगकोट तथा राइनासकोट जोड्ने पदमार्ग निर्माण र संयुक्त घाट संचालन गर्ने गरी विकासका गतिविधि अगाडि वढाउने प्रयास भएको छ।
- नगरपालिकाको कार्य क्षेत्र एवं कार्यचाप र कार्यरत कर्मचारीको संख्या, क्षमता वीच तादाम्यता हुने गरी प्रारम्भिक संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरिएको छ ।
- यस आ.ब. देखि शाखा प्रमुखहरुबाट कार्यापालिकामा मासिक कार्य प्रगति पेश गर्ने गरिएको छ।
- राइनास नगरपालिकाको बास्तबिक तथ्याङक तथा सुचनाहरु व्यबस्थित गरी गुणस्तरीय र बिश्वसनिय नगर प्रोफाइ निर्माणका लागि सबै वडाहरुबाट तथ्याङकहरु संकलन गरी भेरीफिकेसन र टेबुलेसनको कार्य गरिराखिएको छ।
- नियमित रुपमा कर्मचारी एवं शाखा प्रमुख वैठक बसी वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन समिक्षा, समस्या एवं चुनौती विषयमा छलफल गर्ने कार्यको प्रारम्भ गरिएको।
- राइनास नगरपालिकामा हाल सम्म ४७ वटा ऐन कानुन तथा कार्यबिधिहरु स्वीकृत भइ राजपत्रमा प्रकाशित गरिएको छ। यस आ.ब.को हाल सम्म ६ वटा कार्यबिधिहरु स्वीकृत गरिएको छ। कानुनी शासनको अबधारणलाइ साकार पार्ने अभिलासा राखिएको छ।
- भुमिहीन सुकुम्बासी, भुमिहीन दलित तथा अब्यबस्थित बसोबासीहरुको कुल जम्मा ४४६ वटा निबेदन परेको छ । जसमध्ये भुमीहिन सुकुम्बासी-७० वटा, भुमिहीन दलित-१०३ वटा र अव्यबस्थित बसोबासी -२१९ वटा रहेका छन।
- नगरपालिकाको कुल वेरुजु रु. १४ करोड ८० लाख मध्ये चालु आ.व.मा रु. ३ करोड २५ लाख संपरीक्षण भएको छ ।
- चालु आ.व.मा योजना अनुगमन तथा फरफारक कार्यविधि अनुसार योजनाहरुको गुणस्तर तथा कार्य परीमाण सुनिश्चित गर्न अनुगमन कार्यलाई कडाईका साथ कार्यान्वयनमा लगिने छ ।
- सबै किसिमका खरिदलाई मितव्ययी र प्रभावकारी बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयको इ. जि. पि. प्रणाली कार्यान्वयनमा ल्याइएको छ। खुला र प्रतिस्पर्धी मूल्यमा खरिदको व्यवस्था गरिएको छ।

अन्त्यमा,

राइनास नगरपालिकाको यस दशौं नगरसभामा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न महत्वपूर्ण भूमिकामा रहनु हुने सम्पूर्ण जनप्रतिनिधि, पदाधिकारीज्यूहरु, क्रियाशिल राजनीतिक दल तथा दलका प्रमुखज्यूहरु, विशेष भूमिकामा रहनुभएका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र नगरवासीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।


राइनास नगरपालिका
लमजुङ
सार्वजनिक सुनुवाई कार्यक्रम


राइनास नगरपालिका
लमजुङ
सार्वजनिक सुनुवाई कार्यक्रम


राइनास नगरपालिका
लमजुङ
सार्वजनिक सुनुवाई








प्रस्तुतकर्ताः पूर्ण बहादुर नेपाली
योजना शाखा प्रमुख